श्री जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा पेश गरेको

<u>जाहेरी दरखास्त</u>

१ जाहेरी दरखास्त वा सूचना दिने व्यक्तिको नाम,थर र ठेगानाः–जि. म. पिपरा गा. वि. स. वा. नं.९ हाल पिपरा गा. पा. वा. नं. ३ मा बस्ने विनोद दासको पत्नी बर्ष ३२ की काजल दास

२. कुन कानून वा मुद्दा बारे दरखास्त वा सूचना गरेको होः– बोक्सीको आरोप ।

३. कसुर गर्ने व्यक्तिको नाम,थर र ठेगाना (टोल सहित)– जि. म. पिपरा गा. वि. स. वा. नं. ९ हाल पिपरा गा. पा. वा. नं. ३ मा बस्ने सुकन दासको छोरा बर्ष ३५ को विनोद दास

ऐ. ऐ. मा बस्ने सुकन दासको पत्नि बर्ष ३४ को शिला देवी दास

जिल्ला धनुषा मुखियापट्टि मुसहरनीया गा. पा. वा. नं. ४ फेछाहा मा बस्ने बर्ष ५० को दिनेश यादव

४. कसुर गर्ने व्यक्तिको बाबु/आमाको नामः— विनोद दास- बुवा सुकन दास आमा सुमित्रा देवी

शिला देवी दास -बुवा/आमा नाम थाहा नभएको

दिनेश यादव-बुवा/आमा नाम थाहा नभएको

५. कसुर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य विवरणः—

६. कसुर सम्बन्धी विवरणः—

क. कसुर भएको वा भईरहेको वा हुन लागेको स्थान, मिति र समयः– जिल्ला महोत्तरी पिपरा गा. वि. स. वा. नं.९ हाल पिपरा गा. पा. वा. नं. ३ मा स्थित सुकन दासको घरमा । मिति २०८०/०३/३१ गते दिउसो १ बजे, राति ८ बजे र मिति २०८०।४।१ गते बिहान ८ बजे ।

ख. कसुरसँग सम्बन्धित घटनाको विवरणः— म जाहेरवालीको माइती भारत उत्तरप्रदेशको बहराइच जिल्लास्थित प्रतापपुर गाउँमा भएको हो। म जाहेरवाली १० वर्षकी हुदाँको अवस्थामा मेरो आमाबुबाको सडक दुर्घटनामा मृत्यु भएकोले मेरो आफन्तले स्थानीय अनाथालमा छोडेपश्चात केही बर्ष उक्त अनाथलयमा बसेको थिए सो पश्चात उक्त अनाथलायबाट निकालेर काठमाडौंस्थित माइती नेपालमा पुर्याएर माइती नेपालले नै म जाहेरवालीलाई हुर्काउँदै आत्मनिर्भर बन्न सीप पनि सिकाएकोले केही महिना सोही सिपको कारणले गर्दा म जाहेरवाली आफ्नो जिविकोपार्जन गर्दै आएको थिए । जनकपुरमा विवाह पञ्चमीको मेला भव्यताका साथ मनाउने भएकोले सोही मेला घुम्ने भनेर म जाहेरवाली आफ्नो साथीसँगै आएका वेला विपक्षी पति विनोद दाससँग भेट भयो। निजले मलाई ललाई फकाई हामीसँगै बस, आर्केष्ट्रामा नाच गान गर बरु तिमीलाई पनि केही पैसा आम्दानी हुन्छ भन्दै निजहरुको विश्वासमा परि म जाहेरवाली निजहरुले चलाउदा आएको आर्केष्ट्रमा नाच गान गर्न लागे । सोही क्रममा विपक्षी विनोदले म तिमीसँग प्रेम गर्छु म सँग विवाह गर भनी निज विपक्षीले म सँग बिहे गरेँ। विवाह पश्चात पनि विपक्षी पति विनोदले मलाई मेरो ईच्छा विपरित धेरै दिन आर्केस्ट्रामा नाच गान गर्न लगएका थिए । मेरो वास्तविक नाम यशोदा भएतापनि विपक्षी पतिले आर्केष्ट्रमामा बोलाउने नाम भनी काजल राखिदिएका थिए । निज विपक्षी पतिले म जाहेरवालीसँग विवाह गरेको केही महिना पछि आफ्नो घर लग्दा विपक्षी पतिको पहिलो पत्नी र ३ जना छोराछोरी हुदाहुदै पनि निजले मेरो विवाह भएको छैन भनी मसँग ढाँटी विवाह गरेको कुरा मलाई थाहा भएको थियो । विवाह पश्चात विपक्षीले अनावश्यक विवाद झिकी म जाहेरवालीलाई पटक पटक कुटपिट गर्ने गरेका थिए । तापनि म जाहेरवाली आफ्नो दामपत्य समबन्ध जोगाउनको लागि निजले म प्रति गरेको यातनालाई सहदै बस्दै आएको थिए ।

परिवारमा थप केही आम्दानी होस भनी म जाहेरवालीले आफ्नै चौकमा ब्युटिपार्लर चलाई बसेको थिइ सो कुरा विपक्षी पतिलाई र निजका घर परिवारलाई मन नपरेको कारणले गर्दा सोही कुराको विषय झिकि पटक पटक म जाहेरवालीलाई कुटपिट गर्ने गरेका थिए । विपक्षी पति र म जाहेरवाली कामकाजकै लागि भारतको दिल्ली गए पश्चात त्यहाँ पाच वर्ष जति बसे । त्यहा पनि ब्युटीपार्लर खोलेर कामकाज गर्ने गरेका सोही क्रममा म

गर्भवति भए पश्चात विपक्षीले मेरो बच्चाको अनुहार मैले देख्न नपाई विपक्षी पतिले मलाई थाहा जानकारी नदिई निजले बच्चालाई नामालुम कहाँ राखेका थिए सो हालसम्म थाहा जानकारी हुन दिएको थिएन छैन । विपक्षी पतिले म जाहेरवालीलाई सुत्केरी अवस्थामा अस्पतालमा नै छाडी निज फरार भएका थिए । त्यहा स्थानियहरुको सहयोगले गर्दा म जाहेरवाली नेपाल निज पतिको घरमा आउन सफल भएका थिए । निज विपक्षी पतिले म जाहेरवालीलाई घरमा देखे पश्चात निजसँग हाम्रो बच्चा कहाँ छ भनी सोध्दा निजले तँ बोक्सीले नै आफ्नो बच्चा खाई दिएको हो भनी भन्दै मलाई अनेकौ शारिरीक र मानसिक यातना समेत दिएका थिए म जाहेरवाली निज विपक्षी पतिको अगाडि केही बल नलागी निज पतिको यातना सदहै बस्दै आएको थिए । विपक्षी पतिसँग रहदा बस्दा पुन तिन पटक गर्भवती भएतापनि तिनै पटक निजले मेरो बच्चा गर्भपतन गराएका थिए । पछि फेरी एक पटक गर्भवति भए । निज पतिले त्यो पनि नराख्ने भन्दै खसाउन खोजेकोले मैले सो उपर जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी समेत गरेका थिए सो उपर छलफलमा विपक्षीले अब आईन्दा यस्तो गर्दिन म निजको विवाह दर्ता तथा नागरिकता समेत बनाईदिन्छु भनी भनेका थिए । तापनि केही दिन पश्चात म गर्भवति रहेको बेला पनि निज विपक्षीहरुले यातना दिन सुरु गरेका थिए । समाजमा पटक पटक परपंचयतै बसाउदा निज पतिले मलाई झुक्याई मेरो मंजुरी बेगैर फेरी गर्भपतन गराई निज विपक्षीले मेरो परिवार नियोजन समेत गराएका थिए । विपक्षी पतिले मलाई घरको कुरा तैले अब बाहिर भने तलाँई बाकीँ राखिदिन भनी अनेकौ धाक धम्की दिने गरेकोले सो कुरा कसैलाई भन्न सकेको थिइन ।

घरमा रहदा बस्दाको क्रममा केही कामकुरा बिग्रे म जाहेरवालीलाई नै घर परिवारको सम्पुर्ण परिवारले म माथि नै आरोपलागाई जथाभावी रुपमा अनावश्यक विवाद झिकि कुटपिट गर्ने गरेका थिए । सोही क्रममा २०८० साल असार महिनाको पहिलो हप्तामा विपक्षी पतिले तँमाथि भुतप्रेतको आत्मा पस्को छ तैले गर्दा हाम्रो घरमा उन्नति प्रगति हुने गरेको छैन त्यहि भएर तलाई अब जानकार तान्त्रीक कहाँ लगेर देखाउनु पर्छ भन्दै विपक्षी पति र निजको पत्नि शिला देवी दास र सासु सुमित्रा देवी समेत भई जिल्ला धनुषा मुखियापट्टि मुसहनीया गा वि स वा नं ४ स्थित फेछा गाउँमा हनुमानजीको मन्दिरमा एकजना धामी दिनेश यादवसँग परिचय गराई निजले म जाहेरवालीको भुत प्रेत हटाउनको लागि १० दिन बस्नुपर्छ भनी भनेकाले हामी सबै जना त्यही १० दिन जति बसेका थियौ । सोही क्रममा निज विपक्षीहरुले म जाहेरवालीलाई राति–राति मसानघाटमा लगि निज बाबा आफै काम्ने खेलाउने तथा बडबडाउने तथा निजले चामल तथा नरिवलबाट नामुलम तन्त्रमन्त्र भन्दै मलाई कुचोले सामन्य झारफुक गरिरहेका थिए । निजले दुई दिन परेवाको बलि दिन लगाए र एक दिन

कोभिन्डोको बलि दिन लगाए, त्यसपश्चात बाबा भने विपक्षी दिनेश यादवले यसको बोक्सी मैले ठिक गरिदिएको छु यसलाई यहाँ बाट अब लग्दा हुन्छ भनी भनेकाले निज विपक्षी पति विनोद दास निजकी पत्नि शिला देवी दास तथा सासु सुमित्रा देवीले यो बोक्सी नै हो अब प्रमाणित भयो अब यसलाई घर लगेर ठिक पार्नुपर्छ भनी मलाई अनेकौ गालीगलौज गर्दै सबै जना घर फर्केका थियौ ।

मिति २०८०।३।३१ गते दिउसो १ बजे म जाहेरवालीले घरको कामकाज गरिरहेको बेला निज विपक्षी पति तथा निजकी पत्नी शिला देवीले घरमा प्रवेश गर्न साथ विपक्षी शिला देवीले अनेकौ लान्छा लगाई गालिगलौज गरी यो बोक्सीले गर्दा मेरो छोरी बिरामी भएको छ आज यसलाई नमारी छोडदिन भनी भन्दै भान्सामा रहेको चुलेसी लिई मेरो टाउको तथा घाँटिमा प्रहार गर्न खोज्दा मैले उक्त प्रहार छलेको थिए । सोही क्रममा विपक्षी पति झन उग्र भई मलाई कपाल समाती लछारपछार गरी यो बढी टुनामुना गर्ने भएको छ आज तलाई ठिक नपारी हुदैन भनी भन्दा निज विपक्षीले मलाई मरणसम्म हुने गरी कुटपिट गरेका थिए । पुनः सोही कुराको रिसईवी राखि विपक्षीले पुन मलाई राति ८ बजेको समयमा मरणसम्म हुने गरि कुटपिट गरी गाईगोठ घरमा बन्द राखी खान लाउन समेत दिएका थिएन । पुनः मिति २०८०।४। १गते विहान ८ बजेका समयमा म सुतिरहेको बेला विपक्षी पति एउटा बाँसको मोटो लाठी लिई साथमा विपक्षी शिला देवी समेत सरिक भई विपक्षी पतिले आज यसलाई फाँसी लगाई मारिदिनु पर्छ यसले हाम्रो घरमा बोक्सी लगाउने तन्त्रतन्त्र गर्ने तथा टुनामुना लगाउने गर्छन यसलाई मारे पछि समस्यै साफ हुन्छ भन्दै निज पतिले ल्याएको बाँसको लठ्ठीले मलाई पिठ्हुँमा बायाँ पाखुरामा मुखमा संवेदनशिल अंगमा तथा शरिरको यत्रतत्र भागमा समेत कुटपिट गरेका थिए भने विपक्षी शिला देवीले मेरो कपाल समाति गोठमा रहेको डोरीले मेरो घाँटी समाती डोरीले घाँटी बाध्न खोज्दा म जाहेरवाली रोई कराई समाजलाई हारगुहार गरे पछि समाजका व्यक्तिहरुको हस्तक्षेपले गर्दा म जाहेरवालीको ज्यान जोगिन गएको हो । सो पश्चात म जाहेरवाली जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दिए पश्चात सो उपर छलफल भई विपक्षी पतिले यो जाहेरवाली बोक्सी रहेको कारणले गर्दा म निजलाई कुनै पनि हालतमा राख्दिन भन्दै ईनकार गरेका थिए । प्रहरी कार्यालयमा छलफल भए पश्चात विपक्षी पतिले लेखी लेखाएको दुईटा नेपाली कागजमा सही छाप गर अब आईन्दा तँ जस्ता बोक्सीलाई अब म राखदिन तलाई अब त के घर के समाज बाट नै बहिष्कार गर्छु भनी भन्दै निजले जबरजस्ती मबाट सही छाप गराएका थिए ।

यसप्रकार विपक्षी पति विनोद दास निजकी पत्नी शिला देवी दास तथा बाबा भने दिनेश यादवले म जाहेरवाली माथि अनेकौ लान्छना लगाई तन्त्रमन्त्र गर्छ भनी झुठा आरोप लगाई पटक पटक कुटपिट गर्न गरेको गाली बेईज्जती गरेको अमानविय कृयाकलाप

गरेको तथा निज विपक्षी पतिले बोक्सीको आरोपमा म जाहेरवालीलाई बसोबास गरेको ठाउँ तथा समाजबाट नै बहिष्कार गर्ने गरि लेखि लेखाएको कागजमा जबरजस्ती सहि छाप गराएकोले म जाहेरवाली बाध्य भई यो जाहेरी लिई उपस्थित भएको छु । अतः विपक्षीहरुलाई झिकि बुझी कानुनबमोजिम हुने हदैसम्मको सजाय गरी म जाहेरवालीलाई निजहरुको यातनाबाट पर्ने गएको क्षतिको क्षतिपुर्ति समेत दिलाई पाउँ ।

ग. कसुरको प्रकृति र कसुरसँग सम्बन्धित अन्य विवरणः—बोक्सीको आरोप (कसुर र सजाय) ऐन २०७२

घ. कसुरसँग सम्बन्धित सबुद प्रमाणः– स्थलगत सर्जमीन लगायत निम्न देख्रे साक्षी बुझी पाऊँ ।

जिल्ला महोत्तरी पिपरा गा वि स वा नं ३ मा बस्ने मनटु महराको पत्नि बर्ष ३९ को रिता महरा ........................................................................................................१

........................................................................................................१

ऐ ऐ वा न ४ मा बस्ने महेन्द्र महराको पत्नि बर्ष ४७ को चन्द्र देवी महरा......................१

जिल्ला महोत्तरी मठिहानी न पा वा नं ५ मा बस्ने प्रमोद कुमार साहको पत्नि बर्ष ५० को राम दुलारी साह......................................................................................................१

जि म जलेश्वर न पा वा नं ९ मा बस्ने राम जिवन मण्डलको पत्नी बर्ष ४० को सुदमा देवी मण्डल.......................................................................................................१

ङ. कसुरसंग सम्बन्धित अन्य विवरणः–

७. यो दरखास्तमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा व्यहोरा लेखेको ठहरे कानून बमोजिम सहुँला बुझाउँला । प्रहरीद्वारा केश तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाका बखत उपस्थित हुने जनाउ पाए सो बमोजिम उपस्थित हुनेछुँ ।

<u>जाहेरी वा सूचना दिने व्यक्तिको</u>

सहीः–

काजल दास

मो.नं.